लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८

प्रतिवेदन

क्होलासोथार गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल

१. पृष्ठभूमि

संविधान देशको मूल कानून हो । यसले राजनीतिक शक्ति, संस्था तथा नागरिक बीच शक्ति नियन्त्रण र शक्ति सन्तुलनको व्यवस्था गर्दछ । संविधानले प्रदत्त गरेका प्रावधानहरूको आधारमा अधिकारहरूको व्यवस्थापन तथा राज्य व्यवस्थापन र सञ्चालन हुने भएको हुँदा संविधानमा महिला तथा समावेशीकरणका सवालहरू कसरी राखिएको छ भन्ने विषय निकै महत्वपूर्ण हुन्छ । नेपालको संविधान २०७२ लाई हेर्दा यसको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षबाट विश्लेषण गर्नु पर्दछ ।

नेपालको संविधानको प्रस्तावनामानै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ । यसैगरी धारा ३८ ले मौलिक हक अन्तर्गत महिलाको हक समावेश गरेको छ । महिला हक अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान बंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने तथा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था गरेको छ ।

यसैगरी धारा ४२ अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ । धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ । यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरूलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरू, सामाजिक र सांस्कृतिक रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधान विशेष प्रावधानहरूको थप व्याख्या गरेको छ । सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ । त्यसै गरी राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था गरेको छ । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था समेत गरेको छ । त्यस्तै समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै

भेदभाव नगरिने एवं पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने व्यवस्था गरेको छ ।

यसर्थ माथि उल्लिखित आधारमा के भन्न सकिन्छ भने नेपालको संविधानले राज्यका सवै तहहरू संघीय, प्रादेशिक र स्थानीय तहमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरेको छ । स्थानीय सरकारका सवै तह, स्थानीय कार्यकारिणी, न्यायिक समिति, स्थानीय सभा, प्रदेश सभा र जिल्ला समन्वय समितिमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्थाले राज्य प्रणालीलाई लैङ्गिक रुपमा समावेशी बनाएको स्पष्ट देख्न सकिन्छ । आरक्षित व्यवस्थाका अलावा अरु संख्यामा पनि महिला प्रतिनिधित्वको अवसर हुनसक्ने स्थिति छ ।

नेपालको संविधानले महिला अधिकारसम्बन्धी तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । नयाँ प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरू महिला तथा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकहरूले उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्न आवश्यक छ ।

राष्ट्रिय योजना आयोगले पन्ध्रौं योजना (आर्थिक बर्ष २०७६/७७-२०८०/८१) को आधार-पत्र तर्जुमा गर्दा संबिधानमा व्यवस्था गरेका मौलिक हक, दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा व्यक्त प्रतिबद्धताहरूलाई केन्द्रमा राखेको छ । यसका साथै नेपाल सरकारले "समृद्ध नेपाल, सुखी नेपाली"को राष्ट्रिय सोच (Vision) पुरा गर्न आँउदो २५ बर्षका लागि एक दीर्घकालीन सोच तयार गरेकोछ । उक्त सोच प्राप्त गर्ने आधार योजनाको रुपमा पन्ध्रौं योजना तर्जुमा गरिएकोछ । यहि तथ्यलाई ध्यानमा राखी लैङ्गिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागितामा सहित सारभूत समानता कायम गर्ने लक्ष्य लिएकोछ । तदानुसार लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको बातावरण सुनिश्चित गर्ने, महिला विरुद्ध हुने हिंसा, भेदभाव र शोषणको अन्त्य गर्ने, आर्थिक सम्बृद्धि तथा दिगो विकासका लागि महिलाको समान अग्रसरता तथा नेतृत्वदायी भूमिका स्थापित गर्दै श्रोत, साधन, अवसर तथा लाभमा महिलाहरूको समान पँहुच सुनिश्चित गर्ने आदि उद्देश्यहरू पन्ध्रौं योजनाको उद्देश्यको रुपमा राखेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लेख गरिए बमोजिम गाउंपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अर्न्तगत विभिन्न बुँदाहरूहरूले जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति र अशक्तहरू सहित सुकुम्बासी ब्यवस्थापन गर्न लक्षित समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र ब्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना ब्यवस्थापन र गरिब घरपरिवार पहिचान सम्बन्धि स्थानीय सर्वेक्षण, सूचना ब्यवस्थापन र नियमन गर्ने कुराहरू उल्लेख गरिएकोछ । त्यस्तै उक्त ऐनकोदफा १२ मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार अर्न्तगत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको

वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदैलैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ । त्यस्तैवडाभित्रका विकास कार्यहरू कार्यान्वयन गर्दा उक्त वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वा पारिएका महिला, बाल-बालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धि काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औल्याइएको छ ।

यसै सन्दर्भमा स्थानीय तहद्धारा संचालन हुने योजना तथा कार्यक्रमलाइ लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री वनाउन, संवैधानिक एवम् कानूनी उत्तरदायितव तथा जिम्मेवारी पुरा गर्न,राज्यले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रवर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तयार गरिएको छ । विकास प्रकृयामा मुख्यतया ३ वटा सामान्य तर जटिल प्रश्नहरुको जवाफ खोज्ने गरिन्छ। पहिलो प्रश्न ऐले म कहां छु ? दोश्रो अव म कहाँ र किन जाने ? र तेश्रो त्यो कसरी संभव छ ? पहिलो प्रश्नले वर्तमान अवस्था विश्लेषण गराउंछ,दोश्रो प्रश्नले लक्ष र अपेक्षित उपलब्धीको निर्धारण गर्दछ भने तेश्रो प्रश्नले नीति तथा रणनीति तयार गराउदछ ।

यस क्व्होलासोथार गाउँपालिका क्षेत्रभित्र अन्य विकास साझेदारहरुवाट हुने कार्यक्रमहरुले आ आफ्नो ढंगवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति तथा रणनीति बनाई कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रममा दोहेरोपना हुने कार्यान्वयन गर्न अप्ठेरो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने भएकाले यी निकायहरुवाट संचालन हुने कार्यक्रम आयोजनाका लागि समेत मार्गदर्शन हुने गरि यस गाउंपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तयार गरिएको छ । यो रणनीतिको प्रमुख उपयोगकर्ताहरु क्व्होलासोथार गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साझेदारहरु तथा गैह्रसरकारी संघ संस्थाहरु हुनेछन ।

२. अवस्था विश्लेषण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो । हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ४ वटा क्षेत्र निर्धारण गरिएको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मध्येनजर गरि क्व्होलासोथार गाउँपालिकाको अवस्था विश्लेषण गर्दा निम्नानुसार पाइएकोछ ।

सबल पक्षहरू (Strenths)	सुधार गर्नुपर्ने पक्षहरू (Weakness)	अवसरहरू (Opportunities)	चुनौतिहरू (Threats)
• निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरूमा नयाँ कुरा सिक्ने र कार्यरुप दिने उत्साह रहेको । • गाउँपालिकाले लैससास निर्देशिका निर्माण गरेको । • न्यायिक समितिले आफ्नो क्षेत्राधिकारमा पर्ने विषयमा प्रभावकारी काम गरिरहेको । • निर्वाचित प्रतिनिधिहरू समानता र न्यायपूर्ण वितरणका लागि उत्साहित रहेको । • बस्ती तथा टोलस्तरका योजनाहरू छनौट गर्दा लगभग लक्षितवर्गको सहभागिता गर्ने प्रयास गरिएको । • स्थानीय तहले वार्षिक योजना तथा बजेट निर्माण गर्दा केही हदसम्म महिला तथा बालबालिकालाई लाभ पुग्ने खालका कार्यक्रमहरू बनाउने गरेको । • उपभोक्ता समितिहरूको गठन गर्दा महिलाहरुको नेतृत्व विकासलाई ध्यानमा राखी समानुपातिक उपभोक्ता समितिहरू गठन भएको ।	• लैससास नीति/ रणनीति/ निर्देशिका तयार पार्दा व्यापक रुपमा लक्षित वर्गको सहभागिता गराउनु पर्ने । • लैङ्गिक हिंसा निवारण कोषलाई अझ प्रभावकारी बनाउनुपर्ने । • समान कामका लागि समान ज्याला सम्बन्धि नीति बनाई अनौपचारिक क्षेत्रमा पनि श्रमको ज्यालामा समानता ल्याउनुपर्ने । • लक्ष्य निर्धारित आवधिक योजना बनाई वार्षिक योजना तयार गर्दा लैससासलाई मूलप्रवाहीकरण गर्नुपर्ने । • बस्ती तथा टोलस्तरका योजनाहरू छनौट गर्दा लक्षितवर्गको सहभागिता सुनिश्चित गर्ने प्रयास गरिए पनि पूर्वाधार विकास बाहेकका कार्यक्रम कम देखिएकाले लैङ्गिक सशक्तीकरण, पिछडिएका वर्गको उत्थान हुने योजनातर्फ थप ध्यान पुऱ्याउनुपर्ने । • वार्षिक योजना तथा कार्यक्रममा महिला तथा बालबालिकाका लागि केही हदसम्म प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम तथा बजेट निर्माण गरेता पनि महिला तथा बालबालिकाहरूलाई छुट्टाछुट्टै राखेर उनीहरूका आवश्यकताको पहिचान गरी कार्यक्रम तथा बजेट निर्माण गर्नुपर्ने ।	• स्थानीय तहलाई कानुन बनाई कार्य गर्ने अधिकार रहेको । • कानुन, निर्देशिका तथा कार्यविधिहरू लैससासमैत्री बनाएमा सहयोगका लागि विभिन्न संस्थाहरू सहयोगका लागि तयार रहेका । • लैससासका सम्बन्धमा निर्वाचित जनप्रतिनिधिहरूलाई तालिम प्रदान गरिएमा महिला, दलित, पिछडिएका वर्ग, सीमान्तकृत समुदायलाई समेट्न गकिने । • अन्य समुदायको तुलनामा यस गाउँपालिकामा रहेका समुदायमा तुलनात्मक रुपमा पितृसत्ता कम हावी भएको हुँदा लैङ्गिक समानता र सामाजिक समावेशीकरण गर्न सहज हुने देखिन्छ । • संघीय सरकार तथा गण्डकी प्रदेश सरकारका कानुन तथा नीतिहरूमा लैससासलाई विशेष प्राथमिकता दिएको हुँदा गाउँपालिकाका योजनाहरू लैससासमैत्री बनाउन सहज हुने ।	• आवधिक निर्वाचन प्रणालीका कारण अर्को कार्यकालमा तालिमप्राप्त प्रतिनिधि निर्वाचित नहुने । • स्थानीय सरकारमा कुनै एक राजनीतिक पार्टीको बहुमत नआएमा निर्णयहरू गर्न कठिन हुने ।
• स्थानीय सरकारबाट कर्मचारी छनौट गर्दा यथासम्भव समावेशी हुने गरी छनौट गर्ने परिपाटी रहेको ।	• लोकसेवा आयोग र प्रदेशबाट सिफारिस भई आउने कर्मचारीमा समावेशितामा आशातित उपलब्धि हासिल नहुने हुँदा स्थानीय तहमा पूर्ति हुने	• स्थानीय स्तरमा करार सेवामा कर्मचारी पदपूर्ति गर्ने अधिकार रहेको ।	• कर्मचारी छनौट गर्दा राजनीतिक दवाव हुने सम्भावना ।

• स्थानीय सरकारले महिला, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग, लैङ्गिक अल्पसंख्यक, सीमान्तकृत समुदायलाई सकारात्मक विभेदको नीति लिएर छनौट गर्ने गरेको । • गाउँपालिकाले आफ्नो क्षेत्रमा महिलाहरूका लागि निश्चित कोष खडा गरी कार्यक्रम संचालन गर्ने गरेको ।	पदपूर्तिबाट समावेशीता हुनु पर्ने । • कार्यालयमा हुने लैङ्गिक तथा यौनजन्य हिंसा नियन्त्रण गर्न तथा लैससास कायम गर्नका लागि आचारसंहिता निर्माण गरी सशक्त रुपमा कार्यान्वयन गर्नुपर्ने । • लैससास रणनीति बनाई निश्चित अवधिसम्ममा सबै क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवं लैङ्गिक हिंसा अन्त्य गर्ने लक्ष्य निर्धारण गर्नुपर्ने । • लैससास डेस्क निर्माण गर्नुपर्ने । • गाउँपालिकाले खण्डिकृत तथ्याङ्कसहितको पार्श्वचित्र तयार गरी आवधिक, मध्यमकालिन खर्च संरचना तथा वार्षिक योजना तयार गर्नुपर्ने ।		
• कर्मचारी तथा निर्वाचित प्रतिनिधिको क्षमता विकासका लागि बजेट व्यवस्था गर्ने गरेको । • विपद व्यवस्थापनका लागि गाउँपालिकाले विभिन्न पहलहरू गरेको, क्षतिको विवरण अध्यावधिक गरेको ।	• कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरूको क्षमता विकासका लागि कार्ययोजना तथा रोष्टर तयार पारी लैङ्गिक समानताका आधारमा क्षमता विकास गर्नुपर्ने । • स्थानीय तहका नीति, नियम, कार्यविधि तथा योजनाहरु निर्माण गर्दा लैङ्गिक सम्वेदनशील हुनुपर्ने । • स्थानीय सरकारका पदाधिकारी तथा कर्मचारीहरूलाई लैङ्गिकता, लैङ्गिक समानता तथा सामाजिक समावशीकरण र लैङ्गिक हिंसा सम्बन्धमा तालिम प्रदान गर्नुपर्ने । • लैङ्गिकता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, लैङ्गिक हिंसा सम्बन्धी स्थानीय तहमा तालिम प्रदान गर्ने, लैङ्गिक विश्लेषण गरी योजना तथा क्षमता विकासका कार्यक्रम गर्नसक्ने जनशक्तिको विकास गर्नुपर्ने । • बेइजिङ घोषणापत्र, महिला विरुद्ध हुने सबैखाले	• क्षमता विकास कार्ययोजना भएमा विभिन्न निकाय तथा संस्थाहरू सहकार्य गर्न उत्सुक हुने । • सीमान्तकृत समुदायलाई ग्रामिण पर्यटनमा जोड्ने नीति लिएमा पर्याप्त वाह्य स्रोत जुट्न सक्ने ।	• आवश्यकता अनुसार क्षमता विकास गर्ने जनशक्तिको स्थानीय तहमा अभाव । • स्थानीय स्तरमा खेतीपाती, चाडपर्व, विबाह-उत्सब, बैदेशिक रोजगारी आदिका कारण समयमै सबैलाई कानुनी सचेतना, लैङ्गिक हिंसा आदिका विषयमा सचेतना र प्रशिक्षण गर्न कठिन ।

	विभेदको अन्त्य सम्बन्धि महासन्धि, दीगो विकास लक्ष्य (विशेषतः लक्ष्य ५), नेपालको संविधान, स्थानीय शासन संचालन ऐन, अन्तरसरकारी बित्त व्यवस्थापन ऐन, विभिन्न कानुन तथा प्रतिवद्धताहरूका सम्बन्धमा सबै निर्वाचित प्रतिनिधि र कर्मचारीहरूलाई अभिमूखीकरण गर्नुपर्ने । ● लक्ष्य निर्धारण गरी गाउँपालिकालाई सबैखाले हिंसामुक्त तथा कुसंस्कारमुक्त घोषणा गर्नका लागि निश्चित अवधिसम्म विविध कार्यक्रमहरू संचालन गर्नुपर्ने । ● महिला अधिकार, हिंसा र त्यसको सुनुवाइ गर्ने निकाय, प्रजनन अधिकार, सामाजिक सुरक्षा, उपलब्ध सेवा सुविधा आदिका सम्बन्धमा समुदायस्तरमा सचेतना अभियान संचालन गर्नुपर्ने । ● विपद पूर्वतयारीका लागि जोखिम लेखाजोखा (Vulnerability Assessment) गर्नुपर्ने ।		
● गर्भावस्थामा हुने खतराका लक्षण र तिनको व्यवस्थापन, गर्भावस्थामा गरिने परीक्षण, संस्थागत सुत्केरी उत्तरप्रसुति परीक्षणका लागि उत्साहजनक उपलब्धि हासिल गरेको । ● स्वास्थ्य संस्थाहरूमा दक्ष जनशक्तिको व्यवस्था गरेको । ● विद्यालय शिक्षालाई प्रभावकारी बनाउन भर्ना अभियान, घरदैलो भ्रमण र बञ्चितिमा परेका समुदायका बालबालिकालाई विद्यालय भर्ना गराउन सशक्त पहल गरेको । ● सार्वजनिक सेवा केन्द्र तथा विद्यालयहरूमा	● नीजि तथा सार्वजनिक भौतिक संरचना निर्माण गर्दा महिला, बालबालिका, ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्तिका लागि निर्वाध रुपमा उपयोग गर्न मिल्ने भौतिक संरचना तयार गर्न बनाएका नीति पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने । ● सार्वजनिक संस्थाहरूमा सेवाग्राहीका लागि स्तनपान कक्ष बनाइनुपर्ने । ● गाउँघर खोप क्लिनिकहरू पिछडिएका क्षेत्र र वर्ग, सीमान्तकृत समुदाय, दलितलाई लक्षित गरी प्रभावकारी रुपमा संचालन गर्नुपर्ने । ● स्वास्थ्य बीमा कार्यक्रम गरिब, महिला,	● आवश्यकताका आधारमा सेवा प्रवाह गर्न सजिलो ।	● बजेट अभावका कारण आवश्यक परेका बेला सेवा प्रवाह गर्न बाधा ।

महिला र पुरुषकालागि छुट्टमछुट्टै शौचालय, पिउने तथा हातधुने पानीको उचित व्यवस्था गर्न सबलरहेको । ● ग्रामिण महिला प्राविधिक तथा सामाजिक परिचालकहरू	बञ्चितीकरणमा परेका व्यक्ति आदिलाई लक्षित गरी व्यापक रुपमा सहजीकरण गर्नुपर्ने । ● मनोसामाजिक स्वास्थ्यलाई दृष्टिगत गरी गाउँपालिका कार्यालयमा कम्तिमा एकजना मनोविमर्शकर्ता र प्रत्येक वडामा सामुदायिक मनोसामाजिक कार्यकर्ताको व्यवस्था गरी परिचालन गर्नुपर्ने । ● तथ्याङ्क संकलन गरी अनौपचारिक शिक्षाका माध्यमबाट महिला, बिद्यालय जानबाट बञ्चित किशोरी, विपडिएका वर्गलाई साक्षर बनाउन पहल गर्नुपर्ने । ● फोहोर व्यवस्थापन गर्दा मापदण्ड अनुसार व्यवस्थापन गर्न थप पहल गर्नुपर्ने । ● महिला, गरिब, पिछडिएका वर्ग, सीमान्तकृत समुदायलाई लक्षित गरी स्वरोजगार कार्यक्रम संचालन गर्नुपर्ने ।		
● सुशासन कायम गर्न, नीति निर्माण गर्नुपर्छ भन्ने कुरामा गाउँपालिका सजग रहेको । ● गाउँपालिका बाल अधिकार सम्बन्धि संयुक्त राष्ट्रघीय महासन्धिलिका सजग रहेकोले सुझाएका क्षेत्रमा कार्य गरिरहेको । ● बञ्चितिमा परेका समुदायको हकहित र उत्थानका लागि गाउँपालिकाका निर्वाचित प्रतिनिधिहरूले आचारसंहिता निर्माण लागु गरेको । ● गाउँपालिकाबाट हुने गरेका नीतिनिर्माण, विकासनिर्माण र निर्णय प्रकृयाहरू पारदर्शी	● निर्माण गरिएका नीति तथा कानुनहरूको कार्यान्वयन, लक्षित वर्ग (महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग, बञ्चितिमा परेका समुदायको व्यापक सहभागितामा योजना तर्जुमा, कार्यान्वयन एवं अनुगमन तथा मुल्याङ्कन गर्नु पक्षमा सुधार गर्नुपर्ने । ● बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले सुझाएका कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने । ● सार्वजनिक सुनुवाई, गुनासा, सामाजिक गरीक्षण, पत्रकार भेटघाट, आन्तरिक स्वमूल्याङ्कन आदिबाट औल्याइएका गुनासा तथा सुधार गर्नुपर्ने क्षेत्रहरूमा	● युवापीढिलाई सुशासनका सम्बन्धमा बुझाउन सजिलो ।	● विभिन्न राजनीतिक पार्टीसँगको आवद्धताले सबै निर्वाचित प्रतिनिधि एकमत हुन नसक्ने ।

हुनुपर्दछ भन्ने कुरामा निर्वाचित प्रतिनिधि तथा कर्मचारीहरू सजग रहेको । ● स्थानीय भाषा (गुरुङ भाषा) को प्रवर्द्धनका लागि संग्रह निर्माण गरिरहेको ।	कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने । ● गाउँपालिकाले गरेका कार्यक्रम, नीति निर्माण तथा निर्णयहरू स्थानीय भाषामा प्रशारण/प्रकाशन गर्दा अपनत्व हुनुका साथै स्थानीय भाषाको प्रवर्द्धन र विकास हुने भएकाले स्थानीय सुचना स्थानीय भाषामा प्रशारण गर्नुपर्ने । ● महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदद्वारा पारीत प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्योजना, मानव अधिकारसम्बन्धि राष्ट्रिय कार्ययोजना, दिगो विकास लक्ष्य (विशेष गरी लक्ष्य ५), सम्वन्धमा निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखीकरण गरिइनुपर्ने । ● अनुगमन तथा मुल्याङ्कन गर्दा लैससासलाई मध्यनगर गरी महिला, जनजाती, दलित, पिछडिएका वर्ग, बञ्चितिमा परेका समुदाय, अल्पसंख्यकले पर्याप्त लाभ पाए नपाएको अनुगमन गरी सोही अनुसार कार्यान्वयन गर्नुपर्ने ।		

३. सरोकारवाला पहिचान

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा सम्पर्क हुने, दोश्रो माध्यमवाट सम्पर्क हुने र अप्रत्यक्ष रुपमा सम्पर्क हुने गरी निम्नानुसार ३ भागमा विभक्त गरिएका छ ।

सिधा सम्पर्क हुने पहिलो नं का सरोकारवालाहरु	दोश्रो माध्यमवाट सम्पर्क हुने (दोश्रो नं का सरोकारवालाहरु)	अप्रत्यक्ष सम्पर्क हुने (तेश्रो नं का सरोकारवालाहरु)
प्रशासन शाखा	विकास साझेदारहरु	मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,गण्डकी प्रदेश
योजना/प्राविधिक शाखा	सहकारी संस्थाहरु	प्रदेश मन्त्रालयहरु
शिक्षा शाखा	बैंक तथा वित्तीय संस्थाहरु	प्रदेश योजना आयोग
स्वास्थ्य शाखा	उद्योगहरु	गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
पशु सेवा शाखा	बालक्लबहरु	भुमि व्यवस्था आयोग
सुचना प्रविधि शाखा	आमा समुहहरु	संघीय मन्त्रालयहरु
कृषि शाखा	ज्येष्ठ नागरिक मिलन केन्द्रहरु	महिला आयोग
सवै वडा कार्यालयहरु	विद्यालयहरु	दलित आयोग
गाउं कार्यापालिका	गैह्रसरकारी संस्थाहरु	मुस्लिम आयोग
गाउं सभा	स्वंम सेवक समुहहरु	राष्ट्रिय योजना आयोग
न्यायिक समिति	उद्योग बाणिज्य संघ	मानव अधिकार आयोग
विषयगत समितिहरु सवै	राजनैतिक दलहरु,संचार माध्यमहरु	अन्तराष्ट्रिय दातृ संस्थाहरु,

४.लक्षित वर्ग पहिचान

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्य नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो । त्यसका लागि कार्यशाला गोष्ठीवाट निम्नानुसारको लक्षित वर्गहरु पहिचान गरिएको छ ।

- महिला, एकल महिला, बालबालिका, ज्येष्ठ नागरिक, आदिवासि,जनजाति, मुस्लिम, यौनिक तथा लैंङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु, द्धन्दपिडित, विपन्न वर्ग, सुकुम्वासी, मधेसी, आमावावु विहिन बालबालिकाहरु आदि

माथि उल्लेखित विश्लेषणहरुवाट क्व्होलासोथार गाउँपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन ।बलियो पक्ष,कमजोर पक्ष, अवसर तथा चुनौती संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालहरु तथा सवै लक्षितवर्गहरु पहिचान भइसकेको छ । धेरै भन्दा धेरै सवल पक्षहरु पहिचान भएका छन ती सवल पक्षहरुलाई श्रोतका रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ ।

५. दीर्घकालीन सोंच (Vision)

विभेदरहित, समतामूलक र समृद्ध समाजको निर्माण

६. लक्ष्य (Goal)

लैङ्गिक तथा सामाजिक उत्तरदायी सस्थागत संरचना, नीति र कार्यप्रणाली मार्फत समतामुलक समाजको निर्माण गर्ने

७. उद्देश्य (Objectives)

यस रणनीतिको मुख्य उद्धेश्य लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मान्यता अनुरुप स्थानीय तहले गर्ने सम्पूर्ण विकासका तथा प्रशासनिक कार्यलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो यस रणनीतिका उद्धेश्यहरु निम्नानुसार रहेका छन् :

अ. लैङ्गिक उत्तरदायी वजेट निर्माण मार्फत महिला सहभागिता अभिबृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने ।

आ. पछाडी पारिएका वर्ग र समुदायको निर्णय प्रकिया तथा लाभको उपयोग सुनिश्चितता गर्ने ।

इ. पछाडी पारिएका वर्गलाई सशक्तिकरणको माध्यमवाट सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने ।

ई नीति कानुनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गरी आवाज सशक्तीकरण गर्ने ।

उ. नेपाल सरकारले गरेको दिगो विकासको लक्ष प्राप्त गर्ने ।

ऊ. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता साथै संघीय र प्रदेश सरकारका लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरुपको दायित्व पुरा गर्ने ।

ए. संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली,वित्त व्यवस्थापन एवम तथ्यांकमा समेत महिला एवम लक्ष्ति वर्गको समावेशीता सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने ।

ऐ. मानव संसाधन तथा क्षमता विकासभा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउने ।

ओ. अनौपचारिक मुल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना बृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशीतामा आधारित समाज स्थापना गर्ने ।

८. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (Gesi Policy)

माथि उल्लेखित उद्धेश्यहरु परिपूर्तिका लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ ।

८.१. लैससासको अवधारणा हासील गर्न पालिकाको नीति, कानून तथा मापदण्डहरुको पुनरावलोकन र संसोधन तथा तर्जुमा गरिनेछ ।

८.२. पालिकाको योजना तर्जुमा प्रकियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिताको सुनिश्चितता गर्ने ।

८.३. पालिकाका कार्यक्रम तथा वजेट लैङ्गिक उत्तरदायी बनाइनेछ ।

८.४. सेवा प्रदायक, सरोकारवाला, अधिकारवादि सघ संस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धी गरिनेछ ।

८.५. लक्षित वर्गलाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने ।

८.६ बालबालिका तथा अपाङ्गता भएका व्यक्ति एवं ज्येष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गरिनेछ ।

८.७ लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्यांकहरु संकलन गरी त्यसका आधारमा योजना तर्जुमा र वजेट विनियोजन गर्ने नीति अबलम्वन गरिनेछ ।

८.८ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता सामाजिक विकासका क्षेत्रहरुमा लैससास सम्वन्धीत सूचकांक निर्माण गरी नियमित अनुगमन तथा मूल्यांकन गरिनेछ ।

९. लैससास रणनीति

लैङ्गिक तथा सामाजिक समावेशीकरणका लागि तपसिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछ :

९.१ मूल प्रवाहीकरण

क. महिला, गरिब र बहिष्करणमा परेका समस्या र सवालहरुको पहिचान तथा लेखजोखा गरी नीतिगत व्यवस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरु, योजना वजेट, अवसर सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्वोधन गरि विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

ख. लैङ्गिक उत्तरदायी वजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिबृद्धि गरि लैङ्गिक मूलप्रवाहीकरण गर्ने । साथै कानुनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माध्यमवाट उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

९.२ समावेशीकरण

विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक, सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्वन्धीत सवै कृयाकलापहरुमा अर्थपूर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

९.३ स्थानीयकरण

क अन्तराष्ट्रिय सन्धि सम्झौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमूखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासिल गर्ने ।

९.४ सशक्तिकरण

क. लैङ्गिकतामा आधारित श्रम विभाजनको परंपरालाई परिवर्तन गरि श्रमवजारमा महिलाको सहभागिता अभिबृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्यांकन गर्ने ।

ख. लैङ्गिक तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।

ग. स्वरोजगार रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माध्यमवाट महिला तथा वञ्चितिकरणमाा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

घ. कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माध्यमवाट विपन्न तथा वञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

९.५ सचेतीकरण

क. लैङ्गिक तथा सामाजिक समावेशीकरण वारे संविधान, ऐन कानुन नीति कार्यविधि दिग्दर्शनका प्रावधान कार्यप्रणाली र समावेशीताका वारेमा सवै सरोकावाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यन्वयन तथा परिणाममा एकरुपता ल्याउने ।

९.६ संस्थागत संरचना

क. संघीय तथा प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानुन कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशिताकरणका दृष्टिकोणले वञ्चितिकरणमा परेको समुदायको सहभागिता सुनिश्चित गर्ने ।

९.७ समन्वय

क. विभिन्न शाखाहरु वीच आन्तरिक समन्वय गरी योजना तर्जुमा, वजेट विनियोजन उपभोक्ता समुह गठन तथा त्यसको नेतृत्व परिचालन अनुगमन मुल्याकन लाई लैससासमैत्री बनाउँदै लैजाने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग समिति स्थानीय लगायत अन्य विकास साझेदारहरु वीच समन्वय गरी लैससासमैत्री नीति निर्माण, योजना तर्जुमा तथा त्यसको प्रभावकारी कार्यान्वयनका आधार तयार गर्ने ।

९.८ सहकार्य

क. लैङ्गिक तथा सामाजिक समावेशीकरणका लागि पालिकाभित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु वीच सहकार्य गर्ने ।

ख. संघीय सरकार, प्रदेश सरकार, विभिन्न दातृ निकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरुसंग लैससासमैत्री साझा प्रतिफल हासिल गर्न सहकार्य गर्ने ।

९.९ सहजीकरण

क. बहिष्करणमा परेका वर्गहरुलाई आर्थिक, समाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जुमा देखि अनुगमन मूल्यांकन सम्म हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचालन गर्ने ।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी संघसंस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजिकरण गर्ने ।

९.१० सामाजिक सुरक्षा

क. नागरिक जो आफै आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नागरिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्तिहरु तथा एकल महिलाहरु यस अन्तरत पर्दछन् भने ती वर्गको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

ख. सामाजिक सुरक्षा अन्तरगत अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख जातजातीहरु, दलित,मुस्लीम लगायत पर्दछन् र ती वर्गको सुरक्षा स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

९.११ अनुगमन मुल्यांकन

क. प्रत्येक चरणमा गरिने अनुगमन मुल्यांकनमा लैससासको दृष्टिकोणवाट गर्ने । पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक थप गरी अनुगमन मुल्याकनलाई लैससासमैत्री वनाउंदै लैजाने

१०. रणनैतिक कृयाकलापहरु

लैससासको दृष्टिकोणवाट नीति अनुसारका रणनीतिहरु तथा कार्यनीतिहरु देहाय बमोजिम रहेका छन,

नीति-१: लैससासको अवधारणा हासील गर्न पालीकाको नीति, कानून तथा मापदण्डहरुको पुनरावलोकन, संसोधन तथा तर्जुमा गर्ने :

रणनीति १.१: लैससासलाई संस्थागत गर्न आवश्यक कानून, नियमावली, कार्यविधी तथा मापदण्डहरुको तर्जुमा गर्ने,

कार्यनीति

१.१.१ पालिकाको विद्यमान ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन गरिनेछ ।

१.१.२ पालिकाको आवश्यक नयाँ ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधिहरुको तर्जुमा गरिनेछ, ।

रणनीति १.२: पालिकाको बार्षिक, आवधिक योजना, कार्यक्रम तथा बजेटहरुको तर्जुमा गर्ने,

कार्यनीति

१.२.१. लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको आवश्यकताको पहिचान गरिने छ ।

१.२.२. लैससासको दृष्टिकोणबाट विगतका अभ्यास तथा प्रतिफलमा आधारीत भई वार्षीक योजना आवधिक योजना, कार्यक्रम तथा बजेटको तर्जुमा गरिने छ ।

१.२.३. पालिकाले वार्षिक, आवधिक योजना तथा कार्यक्रमहरुमा बजेटको तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका लागी न्युनतम प्रतिशत तोककने कुरा नीतिमा उल्लेख गरिने छ, ।

१.२.४. प्राकृतिक विपत, आपत तथा स्वास्थ्य महामारी जस्ता जोखिम अवस्थाहरुमा लक्षित समुदायका लागि आवश्यक पर्ने उद्धार, राहत, पुर्नस्थापनाका लागी पालिकामा स्पष्ट नीति तयार गरिने छ, ।

रणनीति १.३. लैससास मूलप्रवाहिकरण गर्न संस्थागत संरचनाहरु विकास र विस्तार गर्ने :

कार्यनीति

१.३.१.पालिकाले लैससास समन्वय समिती, वडा तथा तहसम्म उपसमितिहरुको संरचनाहरु विकास र विस्तार गरिने छ, ।

१.३.२. उक्त लैससास समन्वय समिती र उपसमितीहरुको कार्यभार, जिम्मेवारी र अधिकारहरु स्पष्टसंग निर्कौल गरी परिचालन गरिने छ, ।

१.३.३. उक्त लैससास समन्वय समिती र उपसमितिहरुलाई कार्यभार प्रभावकारीता पूर्वक बहन गर्न क्षमता विकासको व्यवस्था गरिने छ ।

नीति-२ पालिकाको योजना तर्जुमा प्रकियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने ।

रणनीति २.२ पालिकाको योजना तर्जुमाको प्रक्रियामा लक्षित समुदायको क्षमता अभिवृद्धि गरि अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने ।

कार्यनीति

२.२.१ पालिकास्तर, वडास्तर तथा समुदायस्तरमा गठन गरीने विभिन्न संजाल, समूह तथा समितिहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको समानुपातिक सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चित गरिने छ, ।

२.२.२ पालिका तहको नीति, कानून, योजना, कार्यक्रम, बजेट आदीको तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला,लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको अर्थपुर्ण सहभागिता तथा प्रतिनिधित्वको सुनिश्चित गरिने छ ।,

२.२.३ पालिका मार्फत गठन हुने संरचनाहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला,लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको अर्थपुर्ण सहभागिता र प्रतिनिधित्व गराई कुराको सुनिश्चित गरिने छ ।

नीति-३ पालिकाका कार्यक्रम तथा वजेट लैङ्गिक उत्तरदायी बनाउनेः

रणनीति ३.१. पालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाउने

कार्यनीति

३.१.१ पालिकाको खण्डिकृत तथ्याङ्कको व्यवस्था, समय अनुसार अद्यावधिक र योजना तर्जुमा साथै समिक्षा गर्न प्रयोग गरिने छ ।

३.१.२. लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिङ्ग अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको आवश्यकताको पहिचान गरिने छ ।

३.१.३. पालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाई प्रयोगमा ल्याईनेछ ।

रणनीति ३.२. लैगिक दृष्टिकोणवाट लक्षित समुदायप्रति जवाफदेफी रहेको कुराको सुनिश्चितता गर्न सामाजिक लेखा परिक्षण (Social Audit) तथा गुनासो सुन्ने संयन्त्रको सुनिश्चितता गर्ने,

कार्यनीति

३.२.१. पालिकाको वजेट तथा कार्यक्रमलाई वार्षिकरुपमा लैससासको द्धृष्किोणवाट परिक्षण गरिने छ,

३.२.२. पालिकामा लैससास सम्पर्क ब्यक्ति तोकेर स्पष्ट कार्यजिम्मेवारी उपलब्ध गराईने,

३.२.३.पालिकाका जानकारी सम्प्रेषण गर्दा लक्षित समुदायहरुको मातृ भाषा समेतमा सम्प्रेषण गरिने छ,

३.२.४.पालिका र वडा तहमा नियमितरुपमा सार्वजनिक सुनुवाई गरिने छ,

३.२.५. सार्वजनिक सुनुवाई गर्दा लक्षित समुदायको उपस्थिति र लैससासका सवाललाई उचित सम्बोधन सुचित गरिने छ,

३.२.६. पालिका तहमा रहेका लक्षित समुदायको गुनासो सुन्नकालागि गुनासो सुन्ने संयन्त्रको निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने कुराको सुनिश्चितता गर्ने छ,

रणनीति ३.३.पालिकाको मूल्याङ्कन प्रविधि र सूचकहरुलाई लैससास उत्तरदायी बनाउने छ ।

कार्यनीति

३.३.१.पालिकाको मूल्याङ्कन प्रविधि र सूचकहरुलाई परिमार्जीत गरी खण्डिकृत सुचना व्यवस्था र प्रतिवेदन दिने व्यवस्थाको गर्ने छ,

३.३.२.पालिकाले समिक्षा गर्दा खण्डिकृत सुचना र प्रतिवेदनलाई आधार गर्ने व्यवस्था गर्नेछ ।

नीति-४ सेवा प्रदायक, सरोकारवाला, अधिकारवादि संघ संस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धी गर्ने :

रणनिति : ४.१. पालिकामा लैससास सम्बन्धि क्षमता अभिवृद्धी कार्यविधि तर्जुमा गर्ने ।

कार्यनीति

४.१.१ पालिकाको सेवा प्रदायकहरु, सरोकारवाला, अधिकारवादि संघ संस्थाहरुको लैससास सम्बन्धमा क्षमताको पहिचान गरी आवश्यकता क्षमता अभिवद्धी कार्ययोजना तर्जुमा गरी आवश्यक क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने छ,

रणनीति ४.२. गाउँपालिकाको समिति तथा वडागत संरचनाहरुमा कार्य जिम्मेवारीमा नै क्षमता विकासको ब्यबस्थाको उल्लेख गर्ने

कार्यनीति

४.२.१. पालिकास्तरमा लैससास सम्बन्धी प्रशिक्षकहरु उत्पादन गर्ने र सोको परिचालन गरिनेछ, ।

४.२.२. पालिका अर्न्तगतका योजना तर्जुमा प्रकृयामा संलग्न कर्मचारी र सघ संस्थाहरुलाई लैससासका समस्या र चुनौतिहरुको अवलम्बन गरी समस्या समाधान गर्न विभिन्न उपायहरु साथै लैससास उत्तरदायी योजना तथा बजेटको विधिहरु बारेमा क्षमता अभिवृद्धि गर्दै लगिनेछ । ,

४.२.३. पालिकावाट सन्चालन हुने सवै तालीम, अन्तरक्रिया र गोष्ठीहरुमा अनिवार्यरुपमा लैससाको विषय समेटने साथै गाउपालिकाको मानव संशासधन तथा क्षमता विकास शाखा मार्फत कुनै पनि कार्यक्रममा लैससास प्रवर्द्धनका लागी समेटनुपर्ने विषय तर्जुमा गरि कार्यान्वयन गरिनेछ, ।

४.२.४. लैङ्गिक हिंसा, घरेलुहिंसा अन्धविश्वास, छुवाछुत, कुरिति, लगायतका गलत परम्परागत हानिकारक मुल्य, मान्यता र व्यवहार का विषयमा लक्षित वर्ग जनप्रतिनिधि, स्थानीय संघ सस्था लाई अभिमुखीकरण गरिने छ, ।

४.२.५ विभिन्न सन्चारका माध्यमवाट सचेतनामुलक सन्देश तथा कार्यक्रमहरु सञ्चालन तथा प्रशारण गरिनेछ ।

४.२.६ लैङ्गिक हिंसा विरुद्धमा विद्यमान कानुनमा भएका ब्यबस्थाहरु वारे प्रचार प्रसार तथा सचेतीकरण गराईनेछ ।

४.२.७. स्थानीय स्तरमा लैससासको क्षेत्रमा उल्लेख्य काम गर्ने समुह, सस्था तथा ब्यक्ति लाई असल कामको प्रवर्द्धन गर्न वार्षिकरुपमा प्रोत्साहन गरिनेछ ।

४.२.८. अन्तरपालिका तहमा लैससास सम्वन्धी भएका असल अभ्यासहरु आदान प्रदान गरिने छ र अन्तर वडा असल अभ्यास तथा सिकाई आदान प्रदान गरिनेछ, ।

४.२.९. पालिकामा रहेका माध्यमिक विद्यालयका सामाजिक विषयका शिक्षहरुलाई लैससासको अवधारणाका वारेमा अभिमुखीकरण गरिनेछ, ।

४.२.१०. वार्षिक रुपमा गाउपालिकाले लैससास प्रवर्द्धन गर्ने खालका सुचना शिक्षा र संचार सामाग्रीहरु प्रसारण तथा प्रकाशन गरिनेछ ।

२.११. स्थानीय तहमा गठन हुने वालक्लब, महिला समुह, सहकारी, किशोरकिशोरी समुहलाई लैससास समन्धी अभिमुखीकरण गरिनेछ ,

४.२.१२. लैससासका सवाललाई न्यायीक समितिमा प्रमुख प्राथमिकताका साथ सुनुवाई गरिनेछ,

४.२.१३. विशेष गरेर महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग तथा समुदायका लागि सिपमुलक, आयमुलक, उद्यमशिलता जस्ता अर्थिकोपार्जन र जिवनउपयोगी कार्यक्रमहरुको संचालन गराउने ।

४.२.१४. लिङ्गमा आधारित हिंसा र भेदभावपुर्ण व्यवहार विरुद्धका हरेक क्रियाकलाप तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुको अर्थपुर्ण सहभागिता गराउने ।

नीति-५ लक्षितवर्गलाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्नेः

रणनिति : ५.१. लैससास केन्द्रित स्रोतसाधन वितरण सम्बन्धी कार्यविधि, मापदण्ड तर्जुमा गर्ने,

कार्यनीति

५.१.१. पालिकावाट सञ्चालीत योजना तथा कार्यक्रमहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका ब्यक्तिहरुको सहभागिता र लाभमा खण्डिकृत तथ्याङ्क संकलन गर्ने र नियमित रुपमा अध्यावधीक गरिने छ, ।

५.१.२. पालिकावाट आयोजनाको अनुगमन लैससासको दृष्टिकोणवाट अनुगमन तथा मुल्यांकन गरिनेछ,

५.१.३. पालिकावाट सन्चालन हुने समिक्षाहरुमा लैससासको दृष्टिकोणवाट प्रवाहित सेवा, सुविधा, कार्यक्रमको प्रभावकारीताको पुनरावलोकन तथा समीक्षा गरिनेछ ।

५.१.४. पालिकाबाट संचालित कार्यक्रम वा प्रवाह हुने सेवा, सुविधा र कार्यक्रमको निरन्तर अनुगमन तथा सुपरिवेक्षणका लागि लक्षित समुदायहरुको सहभागितामा प्राथमिकिकरणमा रहेको क्षेत्रमा अल्पकालिन तथा दिर्घकालिनरुपमा हासिल गर्न सक्ने गरी सुचांकहरुको सुचि तयार गरिने छ, ।

रणनीति : ५.२. लैससासको प्रवर्द्धनका लागी नागरिक समाज, अधिकारमुखि संघ सस्थाहरुसंग समन्वय र सहकार्य गर्ने ।

कार्यनीति

५.२.१. सरोकारवाला र, अधिकारवादि संघसंस्थाहरुको तथ्याङ्क राख्ने र अद्यावधिक गरिनेछ ।

५.२.२. सो संस्थाहरुलाई लक्षित वर्गसम्म कार्यक्रम पुऱ्याउन समन्वय र सहकार्य गरिनेछ ।

५.२.३. सो संस्थाहरुलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरि समन्वय र सहकार्य लागि प्रभावकारिता ल्याईने छ ।

११. नीतिको कार्यान्यवनमा आउन सक्ने संभावित जोखिम तथा न्युनिकरणका उपायहरु

क्र.स	संभावित जोखिम	जोखिम
१	लैससासको विषय बारेमा समान बुझाईको अभाव हुनु तथा स्थानिय तहको प्राथमिकतामा नपर्नु	सहभागिता मुलक छलफलबाट समान बुझाई बनाउने प्रयत्न गरीने । त्यस्तै लैससासलाई प्राथमिकतामा राख्ने नीतिगत व्यवस्था गर्ने
२	नीति कार्यान्वयन गर्ने जिम्मेवार निकाय तथा सरोकारवाला विच समन्वय नहुनु ।	सरोकारवाला विचमा नियमित साझा बैठक राख्ने तथा पालिका स्तरमा उपलब्ध संजालहरुको उपयुक्त प्रयोग गरी लक्षित समुदायका व्यक्तिहरुलाई कसरी लाभान्वित गर्न सकिन्छ भन्ने बारेमा नियमित छलफल गर्ने ।
३	खण्डिकृत तथ्याङ्क तथा सूचांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु ।	योजना तर्जुमा तथा अनुगमन पद्धतिलाई तथ्याङ्कमा आधारित बनाउने ।
४	आर्थिक स्रोतको अभाव हुनु ।	स्थानिय तहको एकमुष्ठ बजेटबाट लक्षित समुदायको लागि निश्चित न्युनतम प्रतिशत बजेट तोकेरै योजना तथा कार्यक्रम तयार गर्ने र प्रत्येक आगामी आर्थिक वर्षको बजेट गतवर्षको तुलनामा बजेट बढाउदै लैजाने

१२ . लैससास नीतिका अपेक्षित उपलब्धिहरु

- पालिकाको नीति, कानून व्यवस्था तथा मापदण्डहरु लैससास उत्तरदायी हुनेछ ।
- पालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिता गराई पछाडी परेका वर्गको सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण भई समतामूलक समाजको श्रृजना हुनेछ ।
- पालिकाको कार्यक्रम तथा वजेट लैससास उत्तरदायी हुनेछ ।
- सेवा प्रदायक, सरोकारवाला, अधिकारवाधि सघंसंस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धी भई समान बुझाई र कार्य शैली हुनेछ ।
- नेपाल सरकारले गरेको दिगो विकासको लक्ष्य प्राप्त गर्न र राष्ट्रिय तथा लैससास सम्वन्धमा गरिएका अन्तर्राष्ट्रिय प्रतिवद्धता,संघिय र प्रदेश सरकारका गरिएका प्रतिवद्धता अनुरुपको दायित्व पुरा हुने छ ।

१३. वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापी यसमा अतिरिक्त बाह्रश्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणको कार्य गर्ने नत्र नगर्ने हून सक्दैन । यसका लागि हाल संचालन भइरहेको वजेट नीति तथत कार्यक्रमहरुलाई कसरी लैससासमैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ ।

लैससास मुल प्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछ :-

- लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत वजेट विनियोजन गर्ने ।
- भौतिक प्रर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन र योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।
- लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिबृद्धि गर्ने ।
- स्थानीय तहमा कार्यरत विकास साझेदाहरुलाई वार्षिक कार्यक्रम तयार गरि स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने।
- स्थानीय तहको सिफरिसमा सहुलियत दरको ऋण उपलब्ध गराई वित्तीय सहयोग पुर्‍याउन बैंक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने ।
- संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित कार्यक्रम अन्तरगत विनियोजित वजेटले तय गरेका विषयगत क्षेत्रहरुमा अध्ययन गरी आवश्यक परियोजना प्रस्तावना तयार गरेर अधिकतम श्रोत भित्रयाउन आवश्यक जनशक्ति परिचालन गर्ने ।

१४. कानुनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको वैठकले अनुमोदन गर्नुपर्दछ । यो रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक गर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वनमा लैजानेछ तर कार्यपालिकाले पास गरी सकेपछि कानुन कार्यवधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत : कार्यान्वयनमा आउनेछन् ।

१५ रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यन्वयनको प्रमुख जिम्मेवारी पालिका प्रमुखको संयोजकत्मा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ । (लैससास परिक्षण दिग्दर्शन २०७८ ले व्यवस्था गरेको) भने पालिकाका सवै शाखा तथा वडा कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नुपर्नेछ । योजना तर्जुमा तथा वजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका प्रमुख एवं उपप्रमुखको हुनेछ तथा आवश्यकता अनुसार विषयविज्ञहरु राखेर अल्पकालीन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ । यो स्थानीय तहमा कार्यरत सवै संघसंस्था तथा विकास साझेदाहरुले लैससास रणनीति कार्यन्वयनमा जिम्मेवारी वहन गर्नुपर्नेछ । रणनैतिक कृयाकलापका वारेमा सवै सरोकारवाला निकायहरुलाई अभिमूखीकरण गरी वार्षिक प्रगति प्रतिवेदनमा लैससासको अवस्था प्रष्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१६ रणनीति कार्यान्वयनमा अनुगमन सम्वन्धी व्यवस्था

क. रणनीति कार्यान्वयनको सम्वन्ध भनेको मुख्य रुपमा लैङ्गिक उत्तरदायी वजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणसंग रहन्छ । लैससास परीक्षण दिग्दर्शनले निर्दिष्ट गरेका १०० सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

ख. स्थानीय तह भित्र कार्यरत सवै संघसंस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससासको दृष्टिकोणले समेत गरेर प्राप्त उपलब्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गरिनेछ ।

ग स्थानीय तहमा कार्यरत विमन्नि सरोकारवाला संघसंस्थाहरुको प्रतिनिधित्वमा सामजिक विकास अथवा महिला तथा वालवालिका शाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गनुपर्नेछ । जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु पालिकाको वार्षिक कार्यक्रममा सममावेश भए नभएको एकिन गर्ने र सम्वन्धीत पक्षलाई सुझाव प्रदान गर्नेछ । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वयन कसरी भइरहेको छ सो को समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१७. संभाव्य जोखिम र न्यूनीकरणका उपायहरु

१७.१ संभाव्य जोखिम

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरु आउन सक्ने अवस्था रहेको छ,

क. पितृसतात्मक सोच हावी रहेको सन्दर्भमा लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ ।

ख सार्वजनिक तथा नीजि क्षेत्रका संरचनाहरुमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीतिको कार्यान्वयन तथा अनुगमन सहि ढंगवाट नहुन सक्छ ।

ग. लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुनसक्छ ।

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ ।

ङ विषयगत शाखा तथा अन्य सरोकारवालाहरु वीच लैससास रणनीति कार्यान्वयनमा अन्यौल विविधता तथा दोहोरोपना हनुसक्छ ।

१७.२ जोखिम न्यूनीकरणका उपायहरु

क. लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्वन्धी नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरुपता ल्याउन तालिम गोष्ठी तथा छलफलको आयोजना गर्ने ।

ख. बहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य वढाउने ।

ग. स्थानीय तहका हरेक वैठकमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्वन्धी कार्यहरुको समिक्षा गर्ने

घ. विषयविज्ञहरु संग परामर्श लिने ।

१८. निश्कर्ष

लैङ्गिक तथा सामाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा वनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न र अन्तराष्ट्रिय स्तरमा भएका सन्धी संझौता एवम् प्रतिवद्धताहरुलाई स्थानीयकरण गरी वार्षिक नीति कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ । नीतिहरु वन्ने तर कार्यान्वयन नहुने कुरा हालको प्रमुख चुनौतीको रुपमा देखा परेको छ तसर्थ अनुगमन मूल्यांकनको क्षेत्रमा व्यापक सुधार गरी हरेक कृयाकलापलाई लैङ्गिक तथा सामाजिक समावेशीकरणको नजरले मूल्यांकन गर्ने परिपाटी विकास गर्दै लैजानु पर्दछ । यसरी निश्चित समयसम्म लक्षित वर्गलाई न्यायोचित अवसर दिंदै लैजाने हो भने चाडै नै लक्षमा पुग्न सकिन्छ ।